# नेपाल उद्योग वाणिज्य महासंघको
# विशेष साधारण सभा सम्बन्धी
# अत्यन्त जरुरी सूचना

नेपाल उद्योग वाणिज्य महासंघको विधान (पाँचौं संशोधन) मा महासंघको निर्वाचनको लगतै जेष्ठ मसान्त भित्र विशेष साधारण सभा गर्नु पर्ने प्रावधान भए अनुसार **"विशेष साधारण सभा" २०६८ साल जेष्ठ ३१ गते मंगलवार (तदनुसार १४ जुन २०११), चितवन**मा आयोजना गर्ने निर्णय भएको छ ।

सो सभाको कार्यक्रम सम्बन्धी सूचना र आवश्यक कागजात हुलाक/कुरियरबाट समेत सबै सदस्य संघ/संस्थाहरुलाई पठाइ सकिएको छ । अतः यस सभामा भाग लिने सम्बन्धमा निम्न जानकारी सहित आवश्यक व्यवस्थाको लागि हार्दिक अनुरोध गर्दछौं ।

१. "विशेष साधारण सभा पूर्वको अन्तरक्रिया कार्यक्रम" जेष्ठ ३० गते सोमवार, विहान १० बजे आयोजना हुनेछ ।

२. प्रमुख अतिथिज्यूबाट विशेष साधारण सभाको समुद्घाटन जेष्ठ ३१ गते, मंगलवार, विहान १०:०० बजे हुनेछ ।

३. साधारण सभामा भाग लिन प्रत्येक जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघ र बस्तुगत संघबाट मुख्य प्रतिनिधि समेत २/२ (दुई/दुई) जनासम्म र द्विर्राष्ट्रिय उवासंघ एवं एशोसिएट सदस्यबाट १/१ (एक/एक) जना प्रतिनिधि पठाउन सकिने छ ।

४. विशेष साधारण सभा शुरु हुनु अघिनै आ.व. २०६७/६८ को महासंघको वार्षिक सदस्यता शुल्क र प्रतिनिधि शुल्क तिरी सकेका सदस्य संघ/संस्थाहरुबाट उक्त सभामा भाग लिन सकिने छ ।

५. विशेष साधारण सभा पूर्वको अन्तरक्रिया कार्यक्रम तथा विशेष साधारण सभा **सेन्ट्रल पाल्मस होटल, चितवन**मा सुसम्पन्न हुने छ ।

FNCCI

महा–निर्देशक
**नेपाल उद्योग वाणिज्य महासंघ**
फोन : ४२६६८८९, ४२६२०६१, ४२६२२१८
पोष्ट बक्स नं. : २६९
टेकु, काठमाडौं